चापाकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ चापाकोट २०७४ फाल्गुण ०४ गते संख्या : ९

## भाग २

## सवारी साधन सञ्चालन कार्यविधि, २०७४

चापाकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ | चापाकोट | २०७४ फाल्गुण ०४ गते | संख्या : ९

## भाग २

## सवारी साधन सञ्चालन कार्यविधि, २०७४

स्वीकृत मिति : २०७४/११/०४

**प्रस्तावना** : नेपालको संविधान २०७२ को भाग ५ को धारा ५६ को उपधारा (१) मा नेपालको मूल संरचना संघ प्रदेश र स्थानीय तह गरी तीन तह हुनेछ भनी स्थानीय तहको व्यवस्था गरीएको छ भने भाग १७ को धारा २१४ को उपधारा (१) मा स्थानीय तहको कार्यकारी अधिकार संविधान र संघिय कानूनको अधिनमा रही नगरकार्यपालिकामा निहित रहने व्यवस्था गरिएकोछ त्यसै गरी उपधारा (५) मा नगरपालिकाको नाममा हुने निर्णय वा आदेश र तत्सम्वन्धी अधिकारको प्रमाणिकरण स्थानीय कानून बमोजिम हुनेछ भनी व्यवस्था गरिएको छ ।

सोही बमोजिम यस नगरकार्यपालिका बाट नगरवासीको सुविधाको लागी वढी प्रभावकारी र हरसमय उत्तरदायी रहन, समयको वचत, छिटो छरितो सेवा उपलव्ध गराउन सकिने, आयोजना तथा कार्यक्रम हरुको तर्जुमा, कार्यान्वयन, अनुगमन कार्यमा छिटो सम्पन्न गर्न सकिने, पारदर्शी,जवाफदेहीता रहने किसिमबाट नगरपालिकाको सवारी साधनहरु सदुपयोग गर्नुको साथै

सवारी साधन सञ्चालनबाट प्रतक्ष वा अप्रतक्ष रुपमा परिणाम आउने गरी सवारी साधन संचालन गर्न कार्यविधि वनाउन वाञ्छनिय भएकोले चापाकोट नगरपालिकाको सवारी साधन सञ्चालन कार्यविधि, २०७४ लागु गरीएको छ ।

## परिच्छेद १
## प्रारम्भिक र परिभाषा

१. **संक्षिप्त नाम र प्रारंभ :** (१) सवारी साधन कार्यविधि भन्नाले चापाकोट नगरपालिकाको "सवारी साधन संचालन कार्यविधि, २०७४" सम्झनुपर्छ।
(२) यस कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा :** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा
(क) "**चापाकोट नगरपालिका**" भन्नाले नेपालको संविधान २०७२ को भाग ५ धारा ५६(४) बमोजिम स्थानीय तह अन्तरगत चापाकोट नगरपालिका भन्ने कुरा वुझाउँछ ।
(ख) "**ऐन**" भन्नाले स्थानीय तहको शासन संचालन सम्वन्धमा संविधान र संघिय कानूनमा व्यवस्था भए बमोजिमको ऐन लाइ जनाउँछ ।
(ग) "**आचारसंहिता**" भन्नाले चापाकोट नगरपालिका पदाधिकारीको आचारसंहिता र कर्मचारी आचारसंहिता लाई जनाउनेछ ।
(घ) "**नगरसभा**" भन्नाले नेपालको संविधान २०७२ को भाग १८ धारा २२३ उपधारा (१) अनुसार नगरसभा रहनेछ भने उपधारा (२)(३)(४)(५)बमोजिमको प्रकृयाद्धारा नगरसभा गठन हुन्छ भन्ने कुरा वुझाउँछ ।
(ङ) "**पदाधिकारी**" भन्नाले संविधानको धारा २१६ को (१) बमोजिम एक जना नगरकार्यपालिका प्रमुख, धारा २१६ उपधारा २ बमोजिम एक जना उप प्रमुख र प्रत्येक वडामा वडा अध्यक्ष र उपधारा (४) बमोजिम सदस्य समेत सवै जननिर्वाचित पदाधिकारी हुन भन्ने कुरा वुझाउछ ।

(च) "**प्रमुख प्रशासकिय अधिकृत**" भन्नाले नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट पठाएको प्रमुख प्रशासकिय अधिकृत भनि तोकिएको निजामति कर्मचारी भन्ने कुरा वुझाउँछ।

(छ) "**सवारी साधन**" भन्नाले नगरपालिकाले खरिद गरि ल्याएको, नेपाल सरकार बाट हस्तान्त्रण भई प्राप्त भएको, कुनै संघ सस्था, व्यक्ति, दातृनिकाय समेतको सहयोगमा प्राप्त भएको मानिसहरु आवतजावतमा प्रयोगगरिने मोटरसाईकल, साईकल, कार, जिप, वस, मिनिवस, माइक्रोवस,आदीलाइ जनाउछ भने ट्रक, टिप्पर, दमकल, टेकटर, लरी, डोजर, क्रेन जस्ता सामान ढुवानी र विकास निर्माणमा प्रयोग हुने साधनको रुपमा रहेको वुझाउछ ।

(ज) "**सवारीचालक**" भन्नाले सम्वन्धित निकायबाट मान्यता प्राप्त अनुमति पत्रमा तोकिएको सवारी साधन चलाउन पाउने गरी अनुमतिपत्र वाला व्यक्तिलाइ जनाउछ ।

(झ) "**अनुमति पत्र**" भन्नाले सवारी साधन चलाउन पाउने सम्वन्धित सरकारी निकायबाट लिएको प्रमाणलाइ जनाउछ ।

(ञ) "**इन्धन**" भन्नाले नगरपालिकाको कामले सवारी साधन सञ्चालन गर्दा राखिने डिजल पेट्रोल मोवील जस्तापदार्थलाइ जनाउछ ।

(ट) "**मर्मत**" भन्नाले यस नगरपालिकाको नाउमा रहेका सवारी साधनहरु सञ्चालन अवस्थामा दुरुस्त राख्न गरीने कार्यलाइ सम्झनु पर्दछ ।

(ठ) "**बजेट**" भन्नाले सवारी इन्धन मर्मत खर्च सवारी साधन खरीद गर्न वार्षिक विनियोजन ऐनमा व्यवस्थाभएबमोजिमको रकम लाई जनाउछ ।

(ड) "**कार्यदेश**" भन्नाले मोटरसाइकल, साइकल, कार, जिप, भ्यानजस्ता सवै वुंदा न (छ) मा उल्लेख भएका साधनहरु अधिकार प्राप्त अधिकारीको आदेशपत्र लिएर मात्र संचालन हुने र ठुला सवारी साधन कार्यविधि बमोजिम चल्नेछ भन्ने कुरा वुझाँउछ ।

(ढ) **"कार्यक्रम आयोजना"** भन्नाले पारीत नीति तथा कार्यक्रम विनियोजन ऐन र समय अनुकुल आवस्यकता अनुसार गरिएका निर्णयहरु बाट तोकिएका कामहरुलाई जनाउछ ।

(ण) **"निषेधित क्षेत्र"** भन्नाले सुरक्षा निकाय निर्वाचन आयोग नेपाल सरकारद्धारा निषेधित भनी तोकीएको समय क्षेत्रलाई जनाउछ ।

## परिच्छेद २
## सवारी साधनको सञ्चालन संवन्धि व्यवस्था

३. **सवारी साधनको सञ्चालन सम्बन्धि व्यवस्था** :

(१) वुदा नं (छ) बमोजिमका साधनहरु संचालन नहुदाको अवस्थामा कार्यालयको चावी राख्ने वोर्डमा झुन्ड्याइ राख्नुपर्दछ ।

(२) आयोजना, योजना, कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन, भेला, समारोह, मागको लागी प्रतिनिधि मण्डल जानेजस्ता विविध किसिमको सहभागीताले नगरपालिकामा प्रत्यक्ष वा अप्रत्यक्ष फाइदा हुने कार्यमा मात्र नगरपालिकाका यातायातका साधनहरु प्रयोगमा ल्याउनु पर्दछ ।

(३) निर्माण, आयोजनाको लागी प्रयोग हुने साधन तथा ढुवानीमा प्रयोग हुने हेभी सवारी साधनहरु सोही बमोजिमका कार्यक्रम, आयोजना तथा कार्यविधि अनुसार संचालन हुनेछन् ।

(४) नगरक्षेत्र भित्रका आयोजन, योजना, कार्यक्रम समेतका कार्य सम्पादनका लागि सवारी साधन प्रयोग गर्नुपर्दा कार्यकारीको आदेश बमोजिम लगवुक प्रमाणित गरेर मात्र संचालन गरिनेछ । सोहि आदेश बमोजिम काम सम्पन्न भएपछि सोहि दिन कार्यालयमा वुझाउनु पर्नेछ ।

(५) वुदा नं (४) बमोजिमको काम सोही दिन फर्कीन नसक्ने भएमा विवरण खुलाइ मौखीक आदेश लिन पर्ने र अफिस आएपछि

कागज प्रमाणित गराउन पर्नेछ। कार्यकारी अधिकृत द्वारा सवारी साधन सञ्चालन सम्वन्धी जानकारी नगर प्रमुखलाई दिनु पर्नेछ।

(६) नगरपालिकाको, आयोजना, कार्यक्रम जस्ता वुदा नं (२) बमो जिमको कार्यका लागी सवारी साधन लिइ चापाकोट नगरपालिका भन्दा बाहिर जानुपर्दा प्रमुखको आदेश लिई कार्यकारी अधिकृतको स्वीकृत बाट मात्र सवारी साधन लान पाइनेछ।

(७) जटिल प्ररिस्थिति बाहेक व्यक्तिगत प्रयोजनका लागी सवारी साधन प्रयोग गर्न पाइनेछैन त्यो समयमा पनि वुदा नं (४) र (५) बमो जिमका पदाधिकारीबाट आदेश लिनुपर्नेछ।

(८) सवारी साधन र हेभीसवारी साधन,मेसिनहरु समेत कार्यालयमा जिन्सी प्रमुख जिम्मामा रहनेछन्। चावीहरु कार्यकारीअधिकृतको नियन्त्रणमा रहनेछन्।

(९) सवै सवारी साधन लगाएत सम्पूर्णको बुझाउनुपर्ने दस्तुर इन्सुरेन्स समयमानै वुझाउने जिम्मा जिन्सी प्रमुखको रहनेछ।

(१०) सवारी चालक अनुमति पत्र सवारी चालकको साथमा रहनेछ। अनुमति पत्र मान्यता प्राप्त हुनुपर्नेछ। मान्यता प्राप्त अनुमति पत्र नभएमा सवारी चालक स्वत निलम्वन रहनेछ।

(११) सम्पुर्ण सवारी साधनको नियन्त्रण नगर प्रमुखको निर्देशनमा रहि प्रमुख प्रशासकिय अधिकृत द्वारा गरिनेछ।

(१२) नगरपालिकाको कामले प्रदेश र केन्द्रीय सरकारमा स्वीकृत आदेश बमोजिम जानुपर्ने अवस्था बाहेक अन्य हकमा सवारी साधन प्रयो ग गर्न पाईने छैन्।

(१३) सवारी साधन सञ्चालनमा आकस्मिक घटना भएमा त्यस्तो अवस्थामा नगरपालिकाको निर्णयबाट सहयोग हुन सक्ने छ।

## परिच्छेद ३

**४. इन्धन प्रयोग सम्वन्धमा :**

(१) स्वीकृत नीति तथा कार्यक्रम आयोजना समय अनुकुल आवश्यकता अनुसार गरीने निर्णयहरु कार्यन्वयनका लागी प्रयोग गरीने सवारी साधनमा प्रमाणित कुपन द्वारा इन्धन प्रयोग गर्नुपर्दछ ।

(२) सवारी साधन प्रयोग गर्ने पदाधिकारी वा कर्मचारीले इन्धनको विवरण देखिनेगरी लगवुक प्रमाणित गरी पेश गर्नुपर्दछ । गाडी चलेको कि.मि. स्पष्ट खुल्ने गरी प्रमाणित भएपछि मात्र दोस्रो नम्वरको कुपन दिनुपर्नेछ । एक आ.व. को सुरुबाटनै कुपन नम्वरीङ गरेर मात्र सुरु गरिनेछ ।

(३) सरकारी निकायहरुलाइ सिमित सहयोग गर्न सकिनेछ ।

(४) नगर प्रमुखको दस्तखत वा प्रमुख प्रशासकिय अधिकृतको दस्तखत बाट मात्र कुपन वन्नेछ। दुवैको अनुपस्थितिमा मात्र लेखा प्रमुखबाट हुने छ ।

(५) निर्माणमा वा आयोजनामा प्रयोग हुने ठुला हेभी मेसीन तथा गाडीहरुको लागि सोही कार्यविधि बमोजिम हुनेछ ।

**५. इन्धनको भुक्तानी सम्वन्धमा**

(१) आदेश पत्र बमोजिम हिसाव देखिने विवरण, चलेको कि.मि. खुल्ने प्रमाणित लगवुक, प्रतिवेदन सहितको विवरणका आधार साथै प्रचलित ऐन नियम बमोजिम विनियोजन ऐनमा वजेट भए अनुसार अधिकार प्राप्त अधिकारीले भुक्तानि दिनेछ । प्रमाण विनाको भुक्तानी हुनेछैन ।

(२) मेसीन ठुला गाडी तथा आयोजना संचालनका मेसीनहरुको हकमा सोही कार्यविधि बमोजिम हुन्छ ।

**६. सवारी साधन व्यवस्थापन सम्बन्धमा**

(१) जुनसुकै समयमा पनि सवारी साधन दुरुस्त र सरसफाइ

आवश्यकता अनुसार पानी मोविल राख्ने ग्रिज गर्ने समेतका कार्य सवारी चालकले गर्नेछ । कामको मुल्याङ्कनका आधारमा कार्यसम्पादन मुल्याङ्कन प्रमुख प्रशासकिय अधिकृतबाट गरीनेछ । राम्रो अवस्थामा रहेको पाइएन भने आवश्यक कारवाही समेत गर्न सकिनेछ ।

(२) सवारी साधनहरुको गर्नु पर्नै विमा अनिवार्य गराउने छ ।

(३) निषेधित क्षेत्रमा सवारी साधन लानपाइने छैन् ।

## परिच्छेद ४
## सवारी साधन मर्मत सम्वन्धि व्यवस्था

**७. सवारी साधन मर्मत सम्वन्धि सम्बन्धमा :**

(१) नगरपालिकाका सवारी साधनहरु मर्मत गर्नुपर्ने भएमा प्रचलित ऐन नियम बमोजिम विनियोजन ऐनमा वजेट रहे अनुसार तथा वजेटको व्यवस्था गरेर पनि मर्मत गरी दुरुस्त अवस्थामा राखिनेछ।

(२) मर्मत संभार हुन नसक्ने वढी लागतबाट मर्मत गर्दा पनि सवारी साधन दुरुस्त अवस्थामा राख्न नसकिने प्राविधिक प्रतिवेदन प्राप्त भएमा त्यस्ता सवारी साधनहरु निर्णय गरी प्रचलित ऐन नियम बमोजिम लिलाम गर्न सकिनेछ ।

## भाग ५
## विविध

**(८) विविध :**

(१) चापाकोट नगरपालिकाको सवारी साधन सञ्चालन कार्यविधि, २०७४ मा लेखिएका वुँदाहरु नेपाल सरकार संघिय सरकार र प्रदे श सरकारबाट जारी भएको ऐन नियम र प्रचलित ऐन नियम संग वाझिएको खण्डमा स्वत खारेज भएको मानिनेछ र संघिय सरकार

प्रदेश सरकारको कानून बमोजिम हुनेछ ।

(२) यस कार्यविधिमा सुधार तथा संशोधन गर्न आवश्यक देखिएमा कार्यपालिकाको निर्णय बाट संशोधन गर्न सकिनेछ ।

(३) संघियता लागु भईसकेपछि यस कार्यविधि सँग सम्बन्धीत कामकारवाहिहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

२०७७ फाल्गुण ०४ गते

**आज्ञाले**

**ध्रुव खनाल**

**प्रमुख प्रशासकीय अधिकृत**